मितिः २०७६/०९/२१

भाषा आयोग
शङ्खमूल, काठमाडौं

## शोध प्रस्ताव पेश गर्ने सम्बन्धी जरूरी सूचना

भाषा आयोगको वार्षिक कार्यक्रम एवम् अनुसन्धानवृति (व्यवस्थापन) निर्देशिका २०७६ अनुसार स्नातकोत्तर वा सोभन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीहरूलाई भाषासम्बन्धी शोध अनुसन्धान बापत अनुसन्धानवृति प्रदान गरिने प्रावधान भए बमोजिम विश्वविद्यालय, सो अन्तरगतका अनुसन्धान निकाय र क्याम्सहरुमा नियमित विद्यार्थी भई तोकिएको अध्ययन पूरा गरी अनुसन्धानका लागि विश्वविद्यालयको सर्त पूरा गरेका विद्यार्थीहरूले तपसिलका विषय क्षेत्रमा सम्बन्धित क्याम्पसबाट शोध प्रस्ताव स्वीकृत गराई सिफारीस सहित आयोगमा मिति २०७६ फागुन मसान्तसम्म पेस गर्नु हुन सूचित गरिन्छ। अनुसन्धानवृतिको लागि उत्कृष्ठ ठहरिएका र छनोटमा परेका शोधार्थीहरूको नामावली सम्बन्धित विश्वविद्यालय मार्फत जानकारी गराइने छ।

### शोध अनुसन्धानका विषय क्षेत्रहरू:

(क) सरकारी कामकाजको भाषाको रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारसम्बन्धी विषय
(ख) नेपालमा बोलिने भाषाहरूको संरक्षण, संवर्धन र विकाससम्बन्धी विषय
(ग) मातृभाषाको स्तर पहिचान र शिक्षामा प्रयोग सम्भाव्यतासम्बन्धी विषय
(घ) मौखिक परम्परामा आधारित लोपोन्मुख भाषाहरूको संरक्षणसम्बन्धी विषय
(ङ) भाषिक अभिलेखन र विद्युतीकरणसम्बन्धी विषय
(च) भाषा अनुवाद तथा विद्युतीय रूपान्तरणसम्बन्धी विषय
(छ) शास्त्रीय भाषासम्बन्धी विषय
(ज) भाषाको तुलनात्मक अध्ययनसम्बन्धी विषय
(झ) भाषा नीति र भाषा योजनासम्बन्धी विषय
(ञ) प्रायोगिक भाषा विज्ञान अध्ययन अध्यापन पाठ्यक्रमसम्बन्धी विषय
(ट) भाषाहरूको शब्द भण्डार, व्याकरण तथा उच्चारण पद्धतिसम्बन्धी विषय
(ठ) भाषाको वैज्ञानिक सर्वेक्षणसम्बन्धी विषय
(ड) प्रविधि विकाससम्बन्धी विषय
(ढ) भाषासम्बन्धी अन्य पक्ष

का.मु. सचिव

भाषा आयोग
शङ्खमूल, काठमाडौं
२०७३

**अनुसन्धानवृति प्राप्तिका आधार र रकम :**

१. अनुसन्धानवृति प्राप्तिका आधारः अनुसन्धानवृति प्राप्त गर्न विद्यार्थीले निम्नानुसारका आधारहरू पूरा गर्नुपर्ने छः

(क) आयोगले तोकेको विषयक्षेत्रमा शोध प्रस्ताव पेस भएको हुनुपर्ने,

(ख) विश्वविद्यालयको नियमित विद्यार्थी भएको हुनुपर्ने,

(ग) तोकिएको अध्ययन पूरा गरी अनुसन्धानका लागि विश्वविद्यालयको सर्त पूरा गरेको हुनुपर्ने,

(घ) अनुसन्धानकर्ताले अध्ययन गरेको विश्वविद्यालय वा क्याम्पसबाट प्रमाणित गराई एकप्रति शोध प्रबन्ध आयोग समक्ष पेस गर्नुपर्ने ।

ङ) तोकिएको ढाँचामा सम्बन्धित विषय क्षेत्रको पत्रिका (जर्नल) मा प्रकाशन गर्न योग्य लेखको रुपमा शोधको पाण्डुलिपी आयोगमा पेश गर्नु पर्ने छ ।

च) दर्शनाचार्य र विद्यावारिधीको हकमा चालू आर्थिक वर्षमा नेपालबाट उपाधी हासिल गरेको हुनु पर्ने छ ।

छ) शोधार्थीले शोधको अग्र पृष्ठ र भाइवा ट्रान्सक्रिप्ट सहित निवेदन पेश गर्नु पर्ने छ । छनोटमा परेका शोधार्थीले शोध प्रबन्ध र शोध पाण्डुलिपी पेश गर्नु पर्ने छ ।

२. अनुसन्धानवृति रकमः प्रति शोध अनुसन्धानबापत रु.५०,०००।-(रु.पचास हजार) अनुसन्धानवृति उपलब्ध हुने छ।सो रकम मध्ये शोध प्रबन्ध प्राप्त भएपछि शोधार्थीलाई रु.४५०००/-(पैतालिस हजार) र शोध निर्देशक पारीश्रमिक वापत रु.५०००/-(पाँच हजार) उपलब्ध गराइने छ। नियमानुसार अनुसन्धानवृत्ति रकममा कर कट्टी हुने छ ।

-------------------

लक्ष्मीप्रसाद भट्टराई

का.मु.सचिव

भाषा आयोग